# प्रदेश सभा

## प्रदेश नं. ४

## प्रथम अधिवेशन

### (एक्काइसौं बैठक)

### मिति : २०७५/१/३ गते, दिउँसो ३ :०० बजे

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम म, माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङलाई माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँबरज्यूले प्रस्तुत गर्नुभएको सम्बोधनको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम प्रति सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय पृथ्वी सुब्बा गुरुङ**

माननीय सभामुख महोदय,

नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम तथा प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुवँरज्यूले मिति २०७५/१/३ मा यस प्रदेश सभामा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा प्रदेश सभा नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम उक्त नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँबरज्यूद्धारा प्रदेश सभा, प्रदेश नं. ४, को पहिलो अधिवेशनलाई २०७५ साल बैशाख ३ गतेका दिन गर्नु भएको सम्वोधनको लागि

माननीय सदस्य श्री मायानाथ अधिकारीलाई धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुख महोदय,

नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम तथा प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुवँरज्यूले मिति २०७५/१/३ मा यस प्रदेश सभामा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा उहाँ प्रति धन्यबाद ज्ञापन गर्न प्रदेश सभा नियमावलीको नियम ३६ को उपनियम (२) बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु  धन्यबाद ।

अब म माननीय सदस्य श्री गायत्री गुरुङलाई धन्यवादको प्रस्ताव उपर समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय गायत्री गुरुङ**

माननीय सभामुख महोदय,

नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम तथा प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुवँरज्यूले मिति २०७५/१/३ मा यस प्रदेश सभामा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा उहाँ प्रति धन्यबाद ज्ञापन गर्न प्रदेश सभा नियमावलीको नियम ३६ को उपनियम (२) बमोजिम माननीय श्री मायानाथ अधिकारीज्यूले गर्नुभएको प्रस्ताब उपर समर्थन गर्दछु  धन्यबाद ।

**माननीय सभामुख**

अब म, माननीय प्रदेश प्रमुखबाट गरिएको सम्बोधनलाइ माननीय सदस्य श्री मायानाथ अधिकारी प्रस्तावक र माननीय सदस्य श्री गायत्री गुरुङ समर्थक भई २०७५ साल वैशाख ३ गतेका दिन पेश गर्नु भएको धन्यवादको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ माननीय सदस्य श्री मायानाथ अधिकारी प्रस्तावक र माननीय सदस्य श्री गायत्री गुरुङ समर्थक भई २०७५ साल वैशाख ३ गतेका दिन प्रदेश प्रमुखलाई प्रदेश सभाको तर्फबाट गरिएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव सर्व सम्मतरुपमा पारित भएको घोषणा गर्दछु ।

माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँबरज्यूद्धारा प्रदेश सभा, प्रदेश नं ४ को पहिलो अधिवेशनलाई २०७५ साल बैशाख ३ गतेका दिन गर्नु भएको सम्वोधनको लागि प्रदेश सभा, प्रदेश नं. ४, को यो बैठक माननीय प्रदेश प्रमुख महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।

## माननीय सभामुख

अब म, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरी बहादुर चुमानलाई शून्य समय तथा विशेष समयमा उठेका सार्वजनिक महत्वका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय हरि बहादुर चुमान

माननीय सभामुख महोदय, प्रदेश सभाको विभिन्न मितिका बैठकमा उठेका आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका मन्त्रालयको तर्फबाट

आन्तरिक मामिला तथा कानून मन्त्रीको तर्फबाट यी प्रश्नहरुको जवाफ प्रस्तुत गर्न चाहन्छु ।

१. कास्की जिल्लाको मणिपाल शिक्षण अस्पतालमा कार्यरत कर्मचारीहरुले नेपाल सरकारले तोकेको सेवा सुविधा माग गरी गरेको शान्तिपूर्ण आन्दोलनमा २०७४/१२ १९ / गते प्रहरीले बल प्रयोग गरी हस्तक्षेप गर्दा केही कर्मचारीहरु घाइते भएको भन्ने सन्दर्भमा ध्यान आकर्षण भई घटनाको यथार्थ छानवीन तथा घाइतेहरुको उपचारको व्यवस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय कास्कीलाई लेखि पठाइसकिएको ।

२. म्याग्दी जिल्ला मालिका गाउँपालिका– २ बुद्धि बहादुर परियारको रोजगारीको सिलसिलामा मलेसियामा रहेको कममा सुतेको अवस्थामा निधन भएको निजको शब हालसम्म नेपाल ल्याउन नसकेको प्रदेश सरकार मार्फत नेपाल सरकारलाई पहलका लागि आग्रह गर्ने भन्ने सम्बन्धमा परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पहलका लागि अनुरोध गरी पठाइएको र उल्लेखित मन्त्रालयहरु मार्फत पहल गरी निजको शब यथाशिघ्र परिवारको जिम्मा परिवारजनको जिम्मा लगाउने व्यवस्थाका लागि प्रदेश सरकार समेत सकिय रुपमा लाइपरेको व्यहोरा अनुरोध छ ।

३. पछिल्ला दिनहरुमा महिला तथा बालबालिकाहरु माथि हिंसाका घटनामा निरन्तर वृद्धि भइरहेको र यसको न्यूनिकरणका लागि सरोकारवाला निकायहरुबाट पहल नभएको भन्ने सन्दर्भमा यस प्रदेश अर्न्तगतका सबै जिल्ला प्रशासन कार्यालयहरुलाई उक्त विषयमा प्रभावकारी रुपमा कानूनको कार्यान्वयन गर्न तथा सुरक्षा निकायहरुलाई चुस्त बनाइ हुन सक्ने सम्भावित घटनाहरुलाई समेत मध्यनजर राखी अब प्रश्न नउठ्ने गरी आवश्यक व्यवस्था मिलाउनका लागि आवश्यक निर्देशन दिइसकेको व्यहोरा अनुरोध छ ।

४. गोरखा जिल्लाको भिमसेन गाउँपालिका बोरलागं घर भई हाल साउदी अरब

वीयामा जेलमा भएका कुमार रानाको रिहाइका लगि Bord Money को व्यवस्था हुनुपर्ने भनी मिति २०७४ १२ १६ गतेकोको प्रदेश सभाको बैठककमा माननीय प्रदेश सभा सदस्य ज्यूहरुबाट ध्यान आकर्षण गराईएकोमा सो सम्बन्धमा यथार्थ बुझि आवश्यक कारवाही गर्न जिल्ला प्रशासन कार्यालयलाई आवश्यक निर्देशन दिई सकेको व्यहोरा अनुरोध गर्दछु ।

५. मिति २०७४/ १२/ २६ गते पोखरा लेखनाथ महानगर पालिका वडा नं. १७ विरौटामा विद्युत सर्ट भई आगलागी भएकोमा आगो नियन्त्रण गर्न पोखरा लेखनाथ महानगरपालिका कार्यालय बाट भएको खाली पानी विनाको खालि दमकलका कारण आगो निभाउन नसकी चरम अव्यवस्थाको नमुनाको रुपमा सार्वजनिक रुपमा प्रदेश सभाको विशेष समयमा प्रदेश सभाका माननीय सदस्य ज्यूहरुबाट समेत प्रश्न उठेको सम्बन्धमा जिल्ला प्रशासन कास्कीलाई आगामी दिनमा यस प्रकारका लापरवाही हुन नदिन आवश्यक कारवाहीका लागि लेखि पठाइएको व्यहोरा अनुरोध छ ।

६. बागलुङ जिल्लाको काठीखोला गाउँपालिका वडा नं ३ मा २०७४ १२(ख) १५(घ) गते राति भएको आगलागीका कारण गाई फारममा भएको क्षति र क्षतिपूर्तिका सम्बन्धमा प्रदेश सभामा उठेका प्रश्नका विषयमा ध्यानाकर्षण भई क्षतिपूर्तिका लागि प्रदेश भूमि व्यवस्था तथा कृषि तथा सहकारी मन्त्रालयलाई लेखि पठाइएको छ । तत्काल उद्धार र राहतको कार्य जिल्ला विपद् व्यवस्थापनको समितिको सहयोगमा स्थानीय स्तरमा हुन भएको बझिन आयो । कूल ७१ लाखको क्षति भएको स्थालगत मुचुल्का तयार भई सम्बन्धित निकायहरुसँग आवद्ध पक्षले सम्बन्धित निकायसँग सम्बद्ध पक्षले सहयोगको लागि पहल भइरहेको जानकारीमा आएको छ । धन्यबाद ।

**माननीय सभामुख**

मानननीय सदस्यहरु अब यो बैठक २०७५ साल बैशाख ४ गते दिनको १२:०० बजे सम्मको लागि स्थगित हुन्छ ।